## कार्यपालिका वैठक नं.६, आ.व.२०८१- ०८२ (२०८१/०९/१२

आज मिति २०८१/०९/१२ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | [signature] |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | [signature] |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | [signature] |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | [signature] |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | [signature] |
| ८ | सदस्य | दिलिप गुरुङ | [signature] |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | [signature] |
| ११ | सदस्य | शुशिला नेपाली | [signature] |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | [signature] |
| १३ | सदस्य | गंगा वि.क. | [signature] |
| १४ | सदस्य | भुगोल वि.क. | [signature] |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | [signature] |
| १६ | प्रशा. सहायक | अपेक्षा भैरव चुमान | [signature] |
| १७ | का. सहयोगी | धन ब. दर्लामी | [signature] |
| १८ | | | |

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.६, आ.व.२०८१- ०८२ (२०८१/०९/१२ को प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।

२. अनुगमन प्रतिवेदन सम्बन्धमा ।

३. आर्थिक सहायता सम्बन्धमा ।

४. भुक्तानी सम्बन्धमा ।
- क) ३६१ मर्मत खर्च : रु.२,३२,२७११५०, (सनराईज अटो वर्ल्ड )
- ख) २८१ मर्मत खर्च : रु.१,६१,३३६/- (सनराईज अटो वर्ल्ड )
- ग) सवारी साधन भाडा खर्च (२९८५)
- घ) मंसिर महिनाको इन्धन खर्च : ४,१५,०००/-(अकला देवी ट्रेडर्स)

५. कार्यविधि स्वीकृत सम्बन्धमा ।
- क) गाउँपालिका स्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,०८१
- ख) आवासिय विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, ०८१
- ग) विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, ०८१
- घ) स्थानीय रोजगार रणनीति, ०८१

६. भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा ।
(आँबुखैरेनी गाउँपालिका तनहुँ र भरतपुर म.न.पा.चितवन सँग)

**७ १६ औं गाउँसभामा अनुमोदनको लागि पेश गर्नुपर्ने प्रस्तावहरु सम्बन्धमा ।**
- क) योजना, कार्यक्रम तथा वजेट संशोधन सम्वन्धमा ।
- ख) ऐन, नियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरु सम्वन्धमा ।
- ग) आँबुखैरेनी गाउँपालिकाको आर्थिक ऐन, २०८१ र विनियोजन ऐन २०८१ संशोधन सम्वन्धमा ।
- घ) वेरुजु फछ्र्यौट सम्वन्धमा ।
- ङ) योजना माग सम्वन्धमा ।
- च) कर्मचारी सेवा सुविधा तथा व्यवस्थापन सम्वन्धमा ।
- छ) कर्मचारी थप सेवा सुविधा सम्वन्धमा ।
- ज) कर्मचारी सेवा करार सम्झौता नविकरण सम्वन्धमा ।

**८ : गाउँसभामा पेश गरिने विविध प्रस्तावहरु सम्बन्धमा ।**
- क) कार्यपालिकाका निर्णयहरु अनुमोदन सम्वन्धमा ।
- ख) श्रोत सुनिश्चित सम्वन्धमा ।
- ग) रकमान्तर सम्वन्धमा ।
- घ) विविध सम्बन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.६, आ.व.२०८१- ०८२ (२०८१/०९/१२ को निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो । निर्णय बमोमिका

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएको मंसिर महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको मंसिर महिनाको आम्दानी खर्च प्रतिवेदन ( सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**निर्णय नं. २ : अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको पालिकास्तरीय योजना अनुगमन समितिबाट पालिकाको स्वीकृत योजना कार्यक्रमहरुको अवस्थाहरुको बारेमा अध्ययन/अनुगमन गरि पेश भएका तपशिल वमोजिमका योजनाहरुको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

क) खोलागाउँ खस्राङ सडक, आँबुखैरेनी ५, तनहूँ ।

ख) वडा नं. ५ अर्न्तगत बाटो सरसपफाई योजना, आँबुखैरेनी ५, तनहूँ ।

ग) मर्स्याङ्दी स्कुल चोक देखि पातले झर्ना सडक, आँबुखैरेनी १, तनहूँ ।

घ) रातमाटे ब्याटमिन्टन चौर शौचालय तथा पुर्वाधार निर्माण, आँबुखैरेनी १, तनहूँ ।

ङ) लालीगुराँस मगर समाज अधुरो भवन, आँबुखैरेनी ३, तनहूँ ।

च) सत्रसय सिँचाई, आँबुखैरेनी १, तनहूँ ।

छ) लम्साल डाँडा कुवेर डाँडा सडक, आँबुखैरेनी १, तनहूँ ।

ज) कन्यादेवी छात्रावास निर्माण योजना, आँबुखैरेनी ६, तनहूँ ।

**३. आर्थिक सहायता सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ६ निवासी कुमारी गुरुङको श्रीमान टक बहादुर गुरुङको लडेर घाईते भई उपचाररत रहेकोमा हाल मृत्यु भएको, साथै निजको औषधी उपचारमा रकम खर्च भएको र हाल काज क्रिया गर्न समेत निजको आर्थिक अवस्था कमजोर भएको कारण नसकेकोले आर्थिक सहायता उपलब्ध गराईदिन भनि सम्वन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन पेश भएको हुँदा निज कुमारी गुरुङलाई गाउँकार्यपालिकाको स्वीकृत आर्थिक सहायता खर्च शिर्षकबाट भुक्तानी हुनेगरि ५०,०००/-( अक्षररुपी पचास हजार रुपैंया मात्र ।) उपलब्ध गराउने निर्णय गरियो ।

**४. भुक्तानी सम्बन्धमा ।**

**क) सवारी साधन भाडा खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको कार्यालय प्रयोजनको लागि मिति २०८१/०४/०१ को सम्झौता बमोजिम बा.२०.च.२९८५ को सवारी साधन भाडामा लिइएकोमा सम्झौता बमोजिमको रकम भुक्तानीको लागि पेश भएको हुँदा कात्तिक महिनादेखि पुस महिना सम्मको मासिक रु.१,२०,०००/-(अक्षररुपी एक लाख विस हजार रुपैंया मात्र ।) गरि ३ महिनाको जम्मा ३,६०,०००/-(तिन लाख साठी हजार रुपैंया मात्र ।)

Scanned with CamScanner

गाउँकार्यपालिकाको स्वीकृत सवारी साधन तथा मेशिन औजार भाडा खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**ख) मंसिर महिनाको इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए बापतको मंसिर महिनामा जम्मा खर्च रकम रु.- ४,०३,४९०/-( अक्षररुपी चार लाख तिन हजार चार सय नब्बे रुपैंया मात्र ।)भुक्तानीको लागि श्री अकला देवि टेड्रस, आँबुखैरेनी १ बाट पेश भएको निवेदन उपर छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**ग) सवारी साधन मर्मत खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाका सवारी साधनहरु कार्यालय प्रयोजनको लागि विभिन्न स्थानहरुमा जाँदा विग्रिएकोले मर्मत साथै नियमित सर्भिसिङ गरेबापत खर्च रकम भुक्तानीको लागि पेश भएको निवेदनहरु उपर छलफल गरि तपशिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | सवारी साधन | विवरण | भुक्तानी दिनु पर्ने खर्च रकम | सँस्थाको नाम | खर्च शिर्षक |
|---|---|---|---|---|---|
| १. | ग.१.फ.३६१ | विग्रिएकोले मर्मत सम्भार गरिएको । | २,३२,२७१/- | सनराईज अटो वर्ल्ड, कास्की । | सवारी साधन मर्मत खर्च |
| २. | ग.१.फ.२८१ | विग्रिएकोले मर्मत सम्भार गरिएको । | १,६१,३३६/- | सनराईज अटो वर्ल्ड, कास्की । | सवारी साधन मर्मत खर्च |
| ३. | ग.१.फ.३६१ | सिट कभर, कुसन, गलैचा, ब्लुटुथ मोडुलर वेयररिङ्ग आदि । | ४०,६८०/- | स्तुपा अटो, काठमाण्डौ । | सार्वजनिक सम्पतीको मर्मत सम्भार |
| ४. | ग.१.ब.१२८९ र १२८६ मोटरसाईकल | विग्रिएकोले मर्मत सम्भार गरिएको । | ३४,६२५/- | आँबुखैरेनी मोटरसाईकल वर्कशप, आँबुखैरेनी । | सवारी साधन मर्मत, सार्वजनिक सम्पतीको मर्मत सम्भार |
| ५. | ग.१.ब.१२६८ मोटरसाईकल | मर्मत सम्भार | १३,५००/- | विश्वकर्मा वर्कशप, आँबुखैरेनी । | सार्वजनिक सम्पतीको मर्मत सम्भार |

**निर्णय नं. ५ : कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विधायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरी उक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको

Scanned with CamScanner

घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

क) गाउँपालिका स्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ ।

ख) आवासिय विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधी, ०८१ ।

ग) विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधी, ०८१ ।

घ) स्थानीय रोजगार रणनीति, ०८१ ।

ङ) खरिद नियमावली, ०८१ ।

**निर्णय नं. ६ : भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका तनहुँ, गण्डकी प्रदेश र भरतपुर महानगरपालिका, चितवन- बागमती प्रदेश बिच एकापसमा सँस्कृति, परम्पराको ज्ञान र अनुभव आदान प्रदान गर्न, व्यापार, लगानी र प्रविधिमा साझेदारी गरि आर्थिक विकासका नयाँ अवसरहरुको सृजना गर्न, सामाजिक परियोजना साथै असल अभ्यास कार्यक्रमहरुमा सहकार्य गरि पर्यटन, स्थानीय उत्पादनको प्रवर्द्धन, प्रोत्साहन गर्न साथै समग्र पालिकाको विकासमा टेवा पुर्‍याउन भगिनी सम्वन्ध कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : घर भाडा सम्झौता सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा एनेस्थेसिया असिस्टेन्ट पदमा कार्यरत श्री भानु अर्यालको आवास व्यवस्थापन गरिदिन भनि अस्पताल व्यवस्थापन समितिको निर्णय सहित सिफारिस पेश भएको हुँदा सोहि निर्णय बमोजिम मंसिर महिनाको ९ गतेदेखि लागु हुनेगरि आवास सुविधा (२ वटा कोठा) उपलब्ध गराउन उपयुक्त घर भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. ८. गाउँसभामा पेश गरीने प्रस्तावहरु सम्बन्धमा ।**

**क) योजना, कार्यक्रम तथा बजेट संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ८ अर्न्तगत संशोधनको लागि पेश भएका योजना बजेट तथा कार्यक्रम, आर्थिक ऐन संशोधन, आ.व.२०८२/०८३ को लागि राष्ट्रिय योजना आयोग, काठमाण्डौ र प्रदेश सरकारसँग माग गर्ने योजनाहरु तथा अन्य गाउँसभामा पेश गरीने प्रस्तावहरु सम्वन्धमा  छलफल गरी थप अध्ययन गरी अर्को बैठकमा निर्णय गर्ने निर्णय गरीयो ।

**ख) कर्मचारी सेवा करार सम्झौता नविकरण सम्बन्धमा ।**

आँबुखैरेनी गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम कार्यालय तथा पालिका अर्न्तगतका कार्यालयहरुमा सेवा करारमा लिईएका कर्मचारीहरुको आवश्यक्ता बमोजिम यस आ.व.को माघ महिनादेखि असार महिनासम्म (६ महिना) को लागि सेवा करार अवधि थप गर्ने निर्णय गरीयो र अनुमोदनको लागि १६ औं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

Scanned with
CamScanner

**ग) तलब बृद्धि सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकामा कार्यरत तपशिल बमोजिमको कर्मचारीहरुलाई उनीहरुको उत्कृष्ट कामको मुल्याङ्कन गर्दै तपशिल बमोजिमको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | कर्मचारीको नामथर | पद | खाईपाई आएको पारिश्रमिक | अब उपलब्ध गराउने पारिश्रमिक |
|---|---|---|---|---|
| १. | ममता गुरुङ | का.सहायक चौंथो | | तलव स्केल |
| २. | रश्मी मगर | स.क.अ.,, | २८,०००/- | तलव स्केल |
| ३. | विनीता वानिया | हे.अ.सहायक स्तर पाँचौ | २८,७५० | ३२,०००/- |

Scanned with CamScanner